आज मिति २०७८/०८/१४ गते मंगलबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा यस नगरपालिकाको नगर कार्यपालिकाको १३६ औं (आर्थिक वर्ष २०७८/०७९ को ८ औं) बैठक तपशिलका पदाधिकारीहरु ज्यूहरुको उपस्थितिमा बसियो ।

तपशिलः-

| क्र.स. | नाम, थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री खगेन्द्र राई | नगर प्रमुख | ९८५२८४४०५७ | |
| २. | श्री रिता कुमारी चौधरी | नगर उप-प्रमुख | ९८५२८४४०५८ | |
| ३. | श्री ध्रुवराज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४. | श्री रोहितमान तामाङ्ग | वडा अध्यक्ष वडा नं. १ | ९८६२९२६२०६ | |
| ५. | श्री सन्तोष सुवेदी | वडा अध्यक्ष वडा नं. २ | ९८५२८४४०५९ | |
| ६. | श्री पर्शुराम राई | वडा अध्यक्ष वडा नं. ३ | ९८५२८४४०८२ | |
| ७. | श्री चरण कुमार राई | वडा अध्यक्ष वडा नं. ४ | ९८५२८४४०८५ | |
| ८. | श्री देवनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ५ | ९८५२८४४०६७ | |
| ९. | श्री कमलध्वज राई | वडा अध्यक्ष वडा नं. ६ | ९८५२८४४०६० | |
| १०. | श्री तेजराज तिम्सिना | वडा अध्यक्ष वडा नं. ७ | ९८४२८५५९५० | |
| ११. | श्री गड्डड बहादुर वि.क. | वडा अध्यक्ष वडा नं. ८ | ९८५२८४४०४९ | |
| १२. | श्री प्रकाश राउत | वडा अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३. | श्री राम कुमार खड्का | वडा अध्यक्ष वडा नं. १० | ९८४२९८५०९६ | |
| १४. | श्री देवी कुमारी कार्की | नगर कार्यपालिका सदस्य | ९८१५७५६०६६ | |
| १५. | श्री जानुका कमर | नगर कार्यपालिका सदस्य | ९८४२१५४९०४ | |
| १६. | श्री मदन कुमारी कार्की | नगर कार्यपालिका सदस्य | ९८६३८७३९४३ | |
| १७. | श्री विमला राई | नगर कार्यपालिका सदस्य | ९७४१४१९७७८ | |
| १८. | श्री सुन्दर प्रकाश शाह | नगर कार्यपालिका सदस्य | ९८११८९०२४० | |
| १९. | श्री अस्मिता नेपाली | नगर कार्यपालिका सदस्य | ९७४०९८४५५९ | |
| २०. | श्री प्रमिला दनुवार | नगर कार्यपालिका सदस्य | ९८०३९९६६८८ | |

## प्रस्तावहरु:-

१. नदिजन्य पदार्थ उत्खनन तथा निकासी सम्बन्धमा।
२. पशु हाटबजार (आल्टीक आं.प.) को ठेक्का पुन: प्रकाशन गर्ने सम्बन्धमा।
३. वडा नं ३ को सार्वजनिक वर्तो को लगत कट्टा सम्बन्धमा
४. चौदण्डीगढी महोत्सव तथा खेलकुद सम्बन्धमा।
५. नगर अस्पतालको (DPR) भुक्तानि सम्बन्धमा।
६. वडा नं ९, ज्यामीरे स्टील पुल निमार्णका लागी सहजीकरण अनुरोध सम्बन्धमा।
७. बालविकास केन्द्रका स.का. र कर्मचारीको पारिश्रमीक सम्बन्धमा
८. नयाँ भेरीयन्टको कोरोना भाइरस संक्रमण रोकथामका लागी पुर्वसतर्कता अपनाउने सम्बन्धमा।
९. ठेक्का प्रकृया आगाडी बढाउने सम्बन्धमा।
१०. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा
११. आर्थिक सहयोग सम्बन्धमा।

## छलफल तथा निर्णयहरु:-

नि.नं १:- प्रस्ताव नं. १ मा छलफल गर्दा नगरपालिकाका वडा. ५ र ७ का गोपाल राई समेतका १३० जना निवेदकहरुको निवेदन सम्बन्धमा मिति २०७८/०८/१५ गते बसेको कार्यपालीका को बैठकबाट भएको निर्णय अनुसार सम्बन्धित सरोकारवालाहरु संग समन्वय गरी सकारात्मक निकास निकाल्न वडा नं. ४, ५, ७ र ८ लाई च.नं. ११५५, मिति २०७८/०८/२२ मा पत्राचार गरीएकोमा हुने पनि वडाबाट कोको निकास भई नआएकोले नदिजन्य पदर्थ उत्खनन र निकासी सम्बन्धमा तपसिल बमोजीम गर्ने गराउने निर्णय गरियो।

तपशिल

(क) नदिजन्य पदार्थको उत्खनन र निकासीको सम्झौता भए पश्चात उत्खनन गरिने स्थानमा चारकिल्ला सहितको होर्डिङ बोर्ड राखि उक्त क्षेत्रका सरोकारवाला, सिंचाई तथा खानेपानी उपभोक्ता समीती, सामुदायीक वनका प्रतिनिधी, टोल विकास संस्थाका प्रतिनिधी, नगरपालीकाका प्रतिनीधि, प्राविधिक तथा कर्मचारी र सम्बन्धीत वडाका वडा अध्यक्ष/वडा सदस्य समेत बसी के कसरी उत्खनन र निकासी

Scanned with CamScanner

गर्ने भन्ने सम्बन्धमा छलफल र निर्णय गरेपश्चात मात्र उत्खनन र निकासी गर्ने गराउने ।

(ख) नदिजन्य पदार्थको व्यवस्थित उत्खननका क्रममा आइपर्ने लागी सम्बन्धित वडाले निरन्तर अनुगमन र निरिक्षण गर्ने,

(ग) कुनै विपन्न व्यक्ती, समुदाय वा मन्दिर, सार्वजनिक स्थलहरु आदिमा केही कुनै आर्थिक सहयोग र बजेट बिना गरिने निर्माण जस्ता काम मा नदिजन्य पदार्थ आवश्यक पर्ने भएमा सो को यकिन गरि सम्बन्धीत वडाको सिफारिस र प्राविधिक नाप जाँचको आधारमा स्थानीय प्रयोगका लागी छुट पाइएको नदिजन्य पदार्थ बाट नि:शुल्क रुपमा उपलब्ध गराउने ।

नि.नं. २. प्रस्ताव नं २ माथि छलफल गर्दा चौदण्डीगढी नगरपालिकाले नगरपालिका क्षेत्रका विभिन्न हाट बजारहरु मा आन्तरिक आय संकलनका लागि प्रथम पटक मिति २०७८/०४/०३ गते शिलबन्दी दरभाउपत्र आवहान को सूचना प्रकाशित गरेको र सोही सूचना दोस्रो पटक मिति २०७८/०४/२३ गते प्रकाशित गरिएकोमा कुनै पनि फर्महरुले दरभाउ पत्र पेश नगरेकोले उक्त आन्तरीक आयको न्युनतम ठेक्का रकम (मु.अ.कर बाहेक) मा चालु आ.व. २०७८/७९ को बाँकी अवधिको लागी हुने रकम गणना गरी तपशिल बमोजिम हुने गरी ठेक्का आह्वान गर्ने निर्णय गरियो

तपसिल :

| शिलबन्दी दरभाऊपत्र नं. | आन्तरिक आय संकलनको विवरण | न्यूनतम ठेक्का रकम रु.(मु.अ.कर बाहेक) | धरौटी रकम | शिलबन्दी दरभाऊपत्र खरिद दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०१/ ०७८-०७९ | मवेशी पशुहटिया बेल्टार र विरेन्द्र बजार( गाई, गोरु, भैसी, रागा, पाडा पाडी, बाछा बाछी) । | ६,४१,६६२/- | ५ प्रतिशत | १००० /- | |
| ०२/ ०७८-०७९ | बेल्टार र बिरेन्द्र बजार(खसि, बोका, बाखा, पाठा, पाठी, भेडा, भेडी, सुंगुर, बंगुर) । | ६,४१,६६२/- | ५ प्रतिशत | १००० /- | |
| ०३/ ०७८-०७९ | कृषिजन्य वस्तु तथा जडीबुटी निकासी, पैठारी बेल्टार बजार,विरेन्द्र बजार,शनिबारे बजार,रानीटार कृषिबजार ,हडिया बजार र शिवाई बजार । | ३,५२,९१२/- | ५ प्रतिशत | १००० /- | |

**निर्णय नं. ३** प्रस्ताव नं. ३ मा छलफल गर्दा यस नगरपालिकाको वडा नं. ३ कार्यालयबाट च.नं. ७२५ मिति २०७८/०८/०८ को पत्रबाट वडा समितिको निर्णय सहित चौदण्डीगढी नगरपालिका वडा नं. ३ को वडा कार्यालय भवन निर्माणको क्रममा वडा कार्यालयका लागि सोही वडाको जग्गादाताले जग्गा निःशुल्क दान गर्दा ३ नं. वडा कार्यालयको दक्षिण भु-भागमा पहिले देखि नै चलन चल्तीमा गोरेटो बाटो रहेको र हाल आएर सो बाटोलाई ६ मि. को मोटर बाटो बानउनु पर्ने भनी दुईवटा टोल विकास संस्था सौरैचिप्रुङ टोल विकास संस्था र रमाइलोडाडा टोल विकास संस्थाका १४५ घरधुरीका बाटो उपभोक्ताबाट बाटोको माग भई आएको र उक्त ६ मि. को बाटो कायम गर्दा वडा कार्यालय भवनलाई कुनै हानी नोक्सानी तथा सेवा प्रवाहमा कुनै अवरोध नहुने हुँदा नेपाल सरकारको राष्ट्रिय गौरवको योजना मदन भण्डारी राजमार्गमा जोडिने भएको हुँदा जनताको सेवा सुविधालाई ध्यानमा राखि वडा समितिको निर्णयका साथ चौदण्डीगढी नगरपालिका -३ वडा कार्यालयको नाममा रहेको वसाह ३ क कि.न. ३५६ क्षेत्रफल ०-३-० मध्येबाट नेपाल सरकारको सार्वजनीक बाटोमा ०-०-५$\frac{१}{२}$ धुर वडा को नामको जग्गा सार्वजनिक बाटोमा लगत कट्टा गरि दिनका लागि पत्राचार भई आएकोले प्रचलित नियमानुसार उक्त जग्गालाई सार्वजानिक बाटोका रुपमा लगत कट्टा गरिदिनका लागि मालपोत कार्यालय, गाइघाट उदयपुर, नापी कार्यालय, गाइघाट उदयपुर र नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ मा छलफल गर्दा यस नगरपालिका क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्नका लागि आयोजना गर्ने भनिएको चौदण्डीगढी महोत्सव कोरोना भाईरसको विश्व महामारीका कारण हुन नसकेकोले कोरोना भाईरसको संक्रमणको अवस्था फेरी चालु आ.व. को उपयुक्त समयमा चौदण्डीगढी महोत्सव तथा विभिन्न प्रकारका खेलकुद प्रतियोगिताहरु आयोजना गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ मा छलफल गर्दा यस नगरपालिका अन्तरगतको नगर अस्पतालको भवन निर्माणका लागि विस्तृत परियोजना प्रदिवेदन (DPR) तयार भई ठेक्का प्रकृया समेत अगाडि वढी सकेकोले डि.पि.आर. तयार गर्नका लागि सम्झौता गर्ने फर्म प्रिस्टाईन इन्जिनियरिङ्ग एण्ड म्यानेज्मेन्ट सर्भिस प्रा.लि. (महालक्ष्मी न.पा. २, टिकाथली) ले काम सम्पन्न गरी भुक्तानी माग गरेको र उक्त कार्य सम्पन्न समेत भई सककोले सम्झौता र विल वमोजिमको रकम रु. १७२९,४६५/- (अक्षेरुपी रु. सत्र लाख उन्नतिस हजार चार सय पैसठ्ठी मात्र मु.अ.कर समेत) नगरपालिकाको नगर अस्पताल भवन डि.पि.आर.(सेवा र परामर्श खर्च) शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ६** प्रस्ताव नं. ६ मा छलफल गर्दा यस नगरपालिका वडा नं. ९ ज्यामिरे स्थित अमिनिखर्क देखि ज्यामिरे-बेल्टार-धापलाङ सडक खण्डको त्रियुगा नदिमा पक्की पुल निर्माण सम्बन्धमा १ नं. प्रदेश सरकारले विस्तृत परियोजना प्रतिवेदन (DPR) समेत तयार गरी पुल निर्माणका लागि बोलपत्र आवहान भएको अवस्थामा तत्कालिन रुपमा विश्वभर फैलिएको कोभिड १९ को महामारीका कारण उक्त पुल निर्माण प्रकृया स्थगित गरिएकोमा यस नगरपालिकाको उक्त स्थानमा पुल नहुदाँ आवागमन गर्नमा अत्यन्तै असहजता भएकोले उक्त पुल निर्माण प्रकृयालाई पुनः अगाडि बढाईदिनका लागि १ नं. प्रदेश सरकार र भैतिक पुर्वाधार विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

Scanned with CamScanner

**निर्णय नं. ७** प्रस्ताव नं. ७ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत रहेको सामुदायिक विद्यालयका वालविकास केन्द्रका सहयोगी कर्यकर्ता र विद्यालय कर्मवारीहरुको न्यूनतम पारिश्रमिकमा नपुग रकम थप गर्नको लागि सम्बन्धित वडा अध्यक्षहरुले/शिक्षा शाखाको समन्वयमा आ-आफ्नो वडामा भएका विद्यालयहरुको अनुगमन गरी नगरपालिकामा प्रतिवेदन सहित रकम थप गर्ने विषयमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** प्रस्ताव नं. ८ मा छलफल गर्दा विश्वभर कोरोना भाईरस (कोभिड १९) को संक्रमण कम भई जनजिवन क्रमशः सहज हुँदै गर्दा पुनः तेस्रो भेरियण्ड (ओमिक्रोन) नेपालमा समेत फैलन सक्ने जोखिमलाई मध्यनजर गर्दै यस नगरपालिका भित्रका सार्वजानिक निकाय , विद्यालय, सरकारी कार्यालय, बाजार, पासल, हाटबजार लगायतका मानिसहरुको भिडभाड र आवागमन बढि हुने स्थानमा सतर्कता उपनाउन पहल र अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** प्रस्ताव नं. ९ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत प्रदेश सरकार समपूरक कोष र संघीय सरकार समपूरक कोषबाट संचालन हुने तपशिलका योजनाहरु कार्यान्वयनका लागि ठेक्का प्रकृया अगाडि बढाउने र संघीय सरकारबाट चालू आ.व. मा समपुरक कोषमा रकम प्राप्त नभएकोले उक्त कोषमा रकम उपलब्ध गराईदिन राष्ट्रिय योजना आयोग र अर्थमन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.स. | योजनाको नाम र स्थान | ल.ई. रकम | न.पा. बाट वेहोर्ने रकम | प्रदेश/संघीय सरकारबाट वेहोर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | अन्तर जिल्ला जोड्ने सडक (उदयपुर-दिक्तेल) वडा नं. ८ को चमेरो पुलबाट टोड्के हुदै पहिरोडाँडा सम्म सडक स्तरउन्नती | १,००,००,०००/- | ५०,००,०००/- | ५०,००,०००/ | प्रदेश |
| २. | वडा नं. ९ को पुर्वटोल पुछार कदमगाछी बाट उत्तर थान पोखरी मा.वि. हुदै चौक बाट पश्चिम पछवारी टोल ज्यामिरे ९ नं. वडा कार्यालय सम्मको सडक स्तरोन्ती सहित कालोपत्रे | १,००,००,०००/- | ५०,००,०००/ | ५०,००,०००/ | प्रदेश |
| ३. | वडा नं. ४ को शनिवारे कालिखोला पुल देखि त्रिशक्ति चोक बर्खेडाँडा कुमार सरको घर नारदमुनी चौक हुदै समि चौक सम्म सडक कालोपत्रे | १,००,००,०००/- | ५०,००,०००/ | ५०,००,०००/ | केन्द्र |
| ४. | वडा नं. ९ शुक्रवारे चोकबाट मिलस एरिया चौक हुदै १० नं. वडा कार्यालय अगाडि बाट देवधा जाने सडक कालोपत्रे | १,००,००,०००/- | ५०,००,०००/ | ५०,००,०००/ | केन्द्र |

टः माथिका आयोजनाहरुमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयबाट समपुरक बजेट माग वमोजिम व्यवस्था नभई बजेट ोतको सुनिश्चितता नभएमा प्रदेश सरकार र संघिय सरकार मार्फत संचालन हुने आयोजनाहरु यस नगरको समपुरक कोष ार्षकबाट बजेट श्रोत व्यहोर्ने गरि सो आयोजनाको लागि आवश्यक बजेट व्यवस्थापन हुने गरी निर्माण कार्य प्रक्रिया अगाडि ढाउने निर्णय गरियो ।

**निर्णय नं. १०** प्रस्ताव नं. १० मा छलफल गर्दा यस नगरपालिका अन्तर्गतको चालु आ.व. को प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशिका मार्फतबाट सिफारिस भइ आएको तपशिल बमोजिम कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

चौदण्डीगढी नगरपालिका, प्रधानमन्त्री रोजगार कार्यक्रम, आ.व. ०७८/०७९ का लागीश्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार काठमाडौं बाट विपन्नश्रमिकजयालाकालागीविनियोजन भइआएकोकूल रकममध्ये ५०% सबै वडामा बराबरी तथा ५०% रकमप्रति वडामा सुचिकृत बेरोजगारव्यक्तिको संख्याको आधारमा बाँडफाटगरिएको विवरण, श्रोतगत बजेटतथा सबै वडाका प्राथमिकीकरणमा परेका विपन्नश्रमिकहरुको १०० दिनको ज्यूनत्तम रोजगार प्राप्तगर्ने वडाका बेरोजगार व्यक्तिहरुको संख्या ।

| | |
|---|---|
| I.D.A. (युवा रोजगारीकालागी रुपान्तरण पहलआयोजना- युवा रुप) | ३८,००,००० /- |
| नेपाल(सरकार प्र.म.रो.का.)कामकालागीपारिश्रमिकमाआधारित सामुदायिक योजना | २२,३४,००० /- |
| कार्य प्रगतीकाआधारमाप्राप्तहुने (नेपाल सरकार प्र.मो.रो.का कामकालागीपारिश्रमिकमा) | २३,२०,००० /- |

| वडा नं. | ज्याला रकम | लाभग्राहीसंख्या | सुचिकृत बेरोजगार संख्या | बजेट स्रोत |
|---|---|---|---|---|
| १ | ८,०७,८०० | १४ | ४३ | I.D.A |
| २ | ८,६५,५०० | १५ | ६७ | I.D.A |
| ३ | ५,७७,००० | १० | १९ | नेपाल सरकार |
| ४ | ६,९२,४०० | १२ | ३२ | I.D.A |
| ५ | ७,५०,१०० | १३ | ३८ | I.D.A |
| ६ | ७,५०,१०० | १३ | ४१ | नेपाल सरकार |
| ७ | ९,२३,२०० | १६ | ५९ | नेपाल सरकार |
| ८ | १३,८४,८०० | २४ | १२५ | नेपाल सरकार |
| ९ | ६,९२,४०० | १२ | ३० | I.D.A |
| १० | ८,६५,५०० | १५ | ५० | नेपाल सरकारग |
| **जम्मा** | **८३,०८,८००** | **१४४** | **५०४** | |

**निर्णय नं. ११** प्रस्ताव नं. ११ मा छलफल गर्दा यस न.पा. को विभिन्न वडामा वस्ने विपन्न नागरिकहरुको स्वास्थ्य उपचारको लागि वडा कार्यालयहरुबाट आर्थिक सहयोगको लागि सिफारिस भई आएको हुँदा न.पा. को स्वीकृत कार्यविधि बमोजिम तपसिल बमोजिम आर्थिक सहयोग उपलबन्ध गराउने निर्णय गरियो।

Scanned with CamScanner

**तपसिल:**

| क्र.स. | विरामीको नाम, थर | पालिकाको नाम | वडा नं. | रोगको नाम किसिम | निर्णय भएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | शर्मिला कुमारी चौधरी | चौदण्डीगढी | ५ | क्यानसर | ५०,०००/- | |
| २. | रुविन राई | | ८ | सुत्केरी पहिलाको रक्तचाप | १०,०००/- | |
| ३. | लाल बहादुर कार्की | | ६ | क्यानसर | ५०,०००/ | |
| ४. | चिजमाया राई | | ६ | क्यान्सर | ५०,०००/ | |
| ५. | रमेश विष्ट | | १० | खुट्टा भाँचिएको | ५,०००/- | |
| ६. | विश्वास राई | | ८ | खुट्टा भाँचिएको | ३०,०००/- | अति विपन्न [illegible] [illegible] [illegible] |
| ७. | फुलमाया कार्की | | ६ | क्यानसर | ५०,०००/- | [illegible] २०७२.३४८ मिति ०८/४/११ |
| ८. | निर्ख बहादुर विश्वकर्मा | | ५ | पोष्टेटको समस्या | | |
| ९. | अतिक्ष श्रेष्ठ | | ६ | मुटु रोग | ५०,०००/- | |
| १०. | रामकुमार वस्नेत | | ६ | मुटु रोग | १०,०००/- | |
| ११. | सुर्य बहादुर वस्नेत | | ६ | मुटु रोग | ५०,०००/- | |
| १२. | लक्ष्मी कुमारी राई | | ५ | स्पाइनल इन्जुरी | ५०,०००/- | |
| १३. | मेनुका वस्नेत | | २ | मुटु रोग | १०,०००/- | |
| १४. | डम्बर बहादुर खड्का | | ५ | क्यान्सर | ५०,०००/- | |
| १५. | रमेश राई | | २ | मुटु रोग | १०,०००/- | |
| | **जम्मा** | | | | ४,५०,०००/- | |